Nepali | नेपाली

# के तपाईं माथि यौन दुर्व्यवहार भएको छ?

**तपाईंको सहमतिबिना कसैले तपाईंलाई कामुक तरिकाले छुँदा यौन दुर्व्यवहार हुन्छ।**

## के तपाईं सुरक्षित हुनुहुन्छ?

यदि तपाईंले असुरक्षित महसुस गर्नुहुन्छ भने तपाईंले पुलिसलाई फोन गर्नुपर्छ वा आफूले विश्वास गरेको व्यक्तिसँग कुरा गर्नुपर्छ। इमर्जेन्सी अवस्थामा तपाईंले निम्न नम्बरहरूमा फोन गर्न सक्नुहुन्छ।

- **इमर्जेन्सी** (पुलिस, एम्बुलेन्स, आगलागी): तीन शून्य (000) (24 घण्टा/7 दिन)
- **ACT पुलिस:** 131 444 (24 घण्टा/7 दिन)
- **क्यानबेरा रेप क्राइसिस सेन्टर (CRCC) संकट लाइन:** (02) 6247 2525 (बिहान 7 बजेदेखि बेलुका 11 बजेसम्म, हप्ताको 7 दिन)

## के तपाईंलाई चोट लागेको छ?

यौन दुर्व्यवहारहरूका कारण कहिलेकाहीँ चोटपटकहरू लाग्न सक्छन्, जसमा तपाईंले देख्नसक्ने चोटहरू पनि पर्दछन्। यदि तपाईंलाई चोट लागेको छ, अनिश्चित वा चिन्तित हुनुहुन्छ भने, अस्पताल जानुहोस् वा मद्दतको लागि डाक्टरलाई भेट्नुहोस्।

**तपाईंले चिकित्सा सहयता प्राप्त गर्नका लागि पुलिससमक्ष यौन दुर्व्यवहारको रिपोर्ट गर्नु पर्दैन।**

- **क्यानबेरा अस्पताल इमर्जेन्सी:** Building 12, Yamba Drive, Garran ACT 2605। हप्ताभरि दिनको २४ सै घण्टा खुल्ला।
- **नर्थ क्यानबेरा अस्पताल इमर्जेन्सी:** 40 Mary Potter Circuit, Bruce ACT 2617। हप्ताभरि दिनको २४ सै घण्टा खुल्ला।

**नोट:** यदि तपाईं अस्थायी भिसावाहक हुनुहुन्छ भने, अस्पताल सेवाहरू प्राप्त गर्न पैसा तिर्नुपर्ने हुन सक्छ।

**यदि तपाईंलाई कुराकानी गर्न मद्दत चाहिन्छ भने:**

- CRCC टेक्स्ट सेवा: 0488 586 518
- राष्ट्रिय रिले सेवा: 1300 555 727
- अनुवादन तथा दोभाषे सेवा: 131 450

THE STOP. CAMPAIGN

S R T